# ईनरुवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इनरुवा, सुनसरी
१ न. प्रदेश, नेपाल

फोन नं. ०२५-५६०१३७, ५६०१४२, ५६०१२८, ५६०८७७, ५६००७७, ५६०००६


प.सं. :०७४/०७५
च.नं. : ३०९३

मिति:२०७५/३/३१ गते

## सुचना सुचना सुचना

**(प्रथम पटक प्रकासित मिति २०७५।३।३१)**

इनरुवा नगरपालिकाको मिति २०७५।३।२९ को निर्णय अनुसार यस कार्यालयलाई समलग्न स्पेशिफिकेशन अनुसारको मेसिनरी औजार उपकरण-मोटर ग्रेडर थान १ र ट्र्याक्टर हाईड्रोलिक ट्रली समेत थान ३ को आवश्यक पर्न गएको हुदा इक्छुक अधिकार प्राप्त फर्म/कम्पनीहरु वाट उल्लेखित मेशिनरी औजार उपकरण उपलव्ध गराउन वोलपत्र आह्वानका लागी प्रथम पटक यो ३० दिने सुचना प्रकासित गरिएको छ ।

वोलपत्र सम्वन्धी शर्तहरु

१. बोलपत्र फारम यो सुचना प्रथम प्रकासति भएको मितिले ३० औ दिन कार्यालय समय सम्म यस कार्यालयको जिन्सी शाखा वाट फर्म इजाजत दर्ताको प्रमाणपत्र,मु.अ.कर दर्ताको प्रमाण पत्र र आ.व.२०७४/२०७५ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न गरि निवेदन साथ तपशिल बमोजिमको वोलपत्र दस्तुर (फिर्ता नहुने गरि) छुट्टा छुट्टै बुझाई खरिद गर्न सकिने छ ।

२.बोलपत्र दाताले बोलपत्र साथ फर्म वा कम्पनी दर्ताको प्रमाणपत्र,मु.अ.कर दताको प्रमाण पत्र र आ.व.२०७४/२०७५ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

३.बोलपत्र दाताले आफु खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको ,प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसाय सम्वन्धी कुनै कसुरमा सजाय नपाएको भनी घोषणा सहित तोकिएको वोलपत्र फारममा सहिछाप गर्नु पर्ने छ । आफुले उपलव्ध गराउने मेसिनरी अैजार उपकरण ग्रेडर, टयाक्टरको अलग अलग स्पेशिफिकेशन तथा यथासंभव सो सम्वन्धी कुनै कागजातहरु manual तथा literatuer आदी बोलपत्र साथ पेश गर्नु पर्ने छ

४.बिदेशी वोलपत्र दाताले वोलपत्र पेश गरेमा खरिद ऐन र नियमको प्राव्धान अनुरूप प्रकृया पुरा गरेको हुनु पर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

५.बोलपत्र दाताले आफुले कबोल गरेको कुल अंकमो कम्तिमा २.५ प्रतिशत रकम वरावरको जमानीपत्र (विडवन्ड) वा रा.वा.बैक इनरुवा स्थित इनरुवा नगरपालिको धरौटी खाता न.३- २२२०३०३००३००१मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ । साथै म्याद अवधी ९० दिनको हुनु पर्ने छ ।

६.खरिद भएका बोलपत्रहरु यो सुचना प्रथम पटक प्रकासित भएका मितिले ३० औ दिन सम्म कार्यालय समय भित्र खरिद गरि सक्नु पर्ने छ र ३१ औ दिन दिनको १२ बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । समय भित्र दर्ता भएका वोलपत्र सोही दिन दिनको २.०० बजे वोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । वोलपत्र दाता वा प्रतिनिधीहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । उक्त प्रकृयाका लागी सो दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेका दिन तत कामहरु तत समयमा हुनेछ ।

७.बोलपत्र सम्वन्धी शर्तहरु फारममा उल्लेख भए बमोजिम हुने छ ।

८.मेसिनरी औजार उपकरणको स्पेशिफिकेसन तथा प्राविधिक विवरण वोलपत्र फारम साथ उपलव्ध गराईनेछ ।

९.वोलपत्र सम्वन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ ,सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुने छ ।

१०.अन्य थप कुराहरु वुझनु परेमा यस कार्यालयका जिन्सी शाखा वाट जानकारी लिन सकिनेछ ।

११.बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

**तपशिल**

| क्र.स. | वोलपत्र नम्वर | कामको विवरण | संख्या | वोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६-२०७४/०७५ | मोटर ग्रेडर ६सिलिन्डर,१७० एच.पी. | १ (एक) | ३०००।०० | |
| २ | ७-२०७४/०७५ | टयाक्टर हाईड्रोलिक ट्रली समेत ३ सिलिन्डर,४५ एच.पी. | ३ (तीन) | ३०००।०० | |

प्रमुख प्रशासकीय अधिकृत